# स्थानीय राजपत्र

फेदाप गाउपालिकाद्वारा प्रकाशित

खण्ड १) पोक्लावाङ, नेपाल,मसिर ६ गते २०७५ साल


# भाग २

## स्थानीय सरकार

## प्रदेश नं. १, पोक्लावाङ, नेपाल

## फेदाप गाउँकार्यापालिकाको कार्यालय

### घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधी

स्थानीय स्तरको विकास निर्मानमा निजि क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजानिक खरिदको मुलभुत बिशेषतालाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता, विश्वसनियता तथा भेदभा रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्तो उदेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुचको लागी स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी फेदाप गाउँकार्यपालिकाको मिति २०७५।०८।०६ गतेको बैठकले यो कार्यविधी जारी गरेको हो।

**१) इजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने।**

प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधी वमोजिम इजाजत पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नाम बाट कसैले पनि सार्बजनिक निर्माण कार्य गर्न गराउन हुदैन।

**२) सार्वजनिक निर्माण कार्य गर्न चाहाने निर्माण व्यवसायीले अनुसुची-१ वमोजिमको ढाँचामा प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नाम वाट कसैले पनि सार्वजनिक निर्माण गर्न गराउन** हुदैन।

१. सार्वजनिक निर्माण कार्य चाहने निर्माण व्यवसायीले अनुसुची – १ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रको लागी यस फेदाप गाउपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

२. उपदफा (१) बमोजिम पर्न आएको दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसुची – ५ वमिजिमको योग्याता भए / नभएको सम्बन्धमा सिभिल इन्जिनियर र सब इन्जिनियर सहत सदस्य भएको समितिबाट जाचवुझ गराउनु पर्नेछ।

३. दफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्याता पुगेको निर्माण व्यवसायी फर्म / कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम फेदाप गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र बापत अनुसुची – २ बमिजिमको दस्तुर लिई निजलाई अनुसुची – ३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गर्नेछ।

**३) इजाजत पत्रको अवधि र नविकरण:**

१. दफा २ बमिजिम प्रदान गरिएको इजाजत पत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्य सम्म मात्र मान्य रहनेछ।

२. उपदफा (१) बमोजिम इजाजत पत्रको अवधी समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानुन बमोजिम सघं, प्रदेश र स्थानिय तहलाई तिर्नु पर्ने कर तिरि सकेको प्रमाण स्वरुप सम्बन्धित सङघीय, प्रदेश, स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित फेदाप गाउपालिकावाट अनुसिची २ वमोजिमको दस्तुर तिरि नविकरण गराउनु पर्नेछ। इजाजत पत्र नविकरण गर्न गाउपालिकामा कागजात पेश गर्दा अनुसुची - ४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फारम वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक बिबरण समेत पेश गर्नु पर्नेछ। यसरी अनुसुची - ४ बमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउपालिका वाध्य हुने छैन।

३. उप दफा (२) बमोजिमको म्याद नाघेको छ महिना भित्र  सवै प्रकृया पुरा गरी इजाजता पत्र नवीकरण गराउन चाहने निर्माण व्यबसायीले निर्माण गर्न माग गरेको अनुसुची -२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गर्नु पर्नेछ।

**४) इजाजत पत्र खारेजी**

१. देहाय अवस्थामा गाउपालिकाले निर्माण व्यबसायिको इजाजत पत्र खारेज गर्न सक्ने छ।

क) झुट्टो विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणीत भएमा

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सङगठित संस्थामा झुटो बिबरण पेश गरेको सम्बन्धित निकाय वाट लेखि आएमा

ग) सार्वजनिक निकाय सँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लघन भएको सम्बन्धित निकाय बाट लेखी आएमा।

२. उप दफा १ बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण ब्यबसायीलाई स्पस्टिकरण पेश गर्न मनासिब माफिकको मौका दिइनेछ।

३. दफा ३ को उपदफा ३ बमोजिमको इजाजत पत्र खारेज भएको गाउपालिकाले त्यसरी जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालय लाई दिनेछ।

**५) इजाजत पत्र प्रतिलिपि दिने व्यबस्था**

कुनै निर्माण ब्यबसायीले इजाजत पत्र हराए वा नासिएको कारण बाट इजाजत पत्रको प्रतिलिपी पाउन निबेदन गरेमा अनुसुची २ बमोजिमको दस्तुर लिई इजाजत पत्रको प्रतिलिपी दिनु पर्नेछ।

**६) प्रचलित कानुन बमोजिम हुने :**

यस कार्यबिधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**७) वचाउ :**

यस अघि प्रचलित कानुन बमोजिम दर्ता भऐका ठेक्का बस्दोबस्ती सम्बन्धित फर्म तथा कम्पनी हरुलाई दिइएको इजाजत पत्र यसै कार्यबिधि बमोजिम दिएको मानिनेछ।

अनुसुची १

कार्यविधिको दफा २ को उपदफा १ सग सम्बन्धित

इजाजत पत्रको लागी दिइने दरखास्त

बिषय: इजाजत पत्र पाउ भन्ने बारे।

श्री.......................................

यस ............. कार्यालयको घ वर्गको निर्माण ब्यबसायी इजाजत पत्र सम्बन्धि कार्यबिधि, २०७५ बमोजिम सार्वजानिक निर्माण कार्य गर्नका लागी इजाजत पत्र पाउन निम्न विवरण भरि यो दरखास्त पेश गरिएको छ।

१. कम्पनीको बिबरण :

नाम: ठेगाना:

इमेल: मोबाइल:

२. कम्पनीको प्रकृति:

........................प्राइभेट लि. ........................पब्लिक लि.

३. सम्पर्कको लागी आधिकारिक ब्यक्तिको :

नाम: ठेगाना:

इमेल: इमेलः

४. कम्पनीको बिबरण:

दर्ता नं.: अधिकृत पुजी: दर्ता मिति: जारी पुजी:

दर्ता गर्ने कार्यलयको नाम र ठेगाना:

५. इजाजत पत्र लिन चाहेको बर्ग:

६. सहुहिकरण हुन चाहेको समुह:

७. आर्थिक श्रोत बिबरण:

| | रकम | बित्तिय सस्था वा बैकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दति खाता | | |
| चल्ति खाता | | |
| बचत खाता | | |

८. कामदारको बिबरण:

क) प्राबिधिक

ख) अप्राबिधिक:

ग) अन्य:

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धि सावारी साधन मेसिनरी औजारको विवरण:

| सि.न. | नाम तथा बिबरण | दर्ता नं. | क्षमता सं. | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०.यस अघि सम्पन्न गरेको कामको बिबरण:

| सि.न. | निर्माण सम्बन्धि कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अबस्था प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११.कर चुक्ता गरेको कागजात:

क)

ख)

ग)

यस दरखास्त फारममा उल्लेखित सम्पुर्ण  बिबरण ठिक छ साचो छ। झट्ठो ठहरे कानुन बमोजिम सहुला बुझाउला।

निर्माण ब्यबसायको छाप:                    दस्ताखत:

मिति:

प्राविधिक कर्मचारी को certificate  को प्रतिलिपी तथा निजको मजुरी नामा पेश गर्नु पर्नेछ।

## अनुसुची २

### कार्यविधि  को दफा २ को उपदफा १ र ३ को उपदफा ३ सग सम्बन्धित

| क्र.स. | निर्माण ब्यबसायीको नम्बर | इजाजत पत्र निबिकरण दस्तुर | इजाजत पत्र दस्तुर | इजाजत पत्र थप दस्तुर | इजाजत पत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | १०००।- | २०००।- | २०००।- | ५००।- |
| | | | | | |
| | | | | | |

**अनुसची ३**

**कार्यबिधि को दफा २ को उपदफा १ र उपदफा ३ संग सम्धन्धित**

**इजाजत पत्रको नमुना**

फेदाप गाउँ पालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लाबाङ, तेह्रथुम

१ नं. प्रदेश नेपाल

इजाजत पत्र नं.: मिति:

घ बर्गका निर्माण व्यबसायी इजाजत पत्र सम्बन्धी कार्यबिधि २०७५ को दफा उपदफा ४ बमोजिम निर्माण व्यवसाय गर्न ................स्थित कार्यालय भएको ..................................फर्म वा कम्पनिलाई इजाजत पत्र प्रदान गरिएको छ ।

इजाजत पत्र दिनेको:

दस्तखत:

नाम:

पद:

मिति:

बृत्तमा बर्ग लेख्नुहोस ।

| नबिकरण गर्ने अधिकारी | नबिकरण गरेको मिति | नबिकरण बहाल गरेको अवधि | नबिकरण दस्तुर भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसुची ३

## निर्माण ब्यबसायी बाट भएका सार्बजानिक निर्माण कार्यको अभिलेख बिबरण (पास बुक)

| क्र.स. | आयोजनाको नाम | सयुक्त उपकरण को नाम (यदी भएमा) | शेयर | ठेक्का बिबरण | सार्वजनिक निकायको तर्फ बाट हस्ताक्षर | समय अवधि थप भएमा | Variation को बिबरण | प्रगति बिबरण | ठेक्का सम्पन्न मिति र बिबरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १.ठेक्का रकम | नाम: | थप समय: | १. variation पछिको contact amount | सम्पन्न रकम | अन्तिम ठेक्का रकम: |
| | | | | | | नाम: | | सम्पन्न मिति | |
| | | | | २.सम्झौता मित | पद: | पद: | १.Variation को निर्णय गर्ने पदाधिकारि को नाम | | सम्पन्न मिति |
| | | | | | हस्ताक्षर | हस्ताक्षर: | | सम्पन्न % | |
| | | | | ३.ठेक्का अवधि | | | पद: | नाम: | नाम: |
| | | | | | छाप | निर्णय मिति: | हस्ताक्षर: | | पद: |
| | | | | | | | मिति:<br>छाप: | पद:<br>हस्ताक्षर:<br>छाप: | हस्ताक्षर<br>छाप: |

## अनुसची ५

## "घ" बर्गको निर्माण व्यबसायिको लागी आबश्यक योग्यता

१. आर्थिक क्षमता: प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटिमा पाँच लाख रुपैयाँको चालु पुँजी देखाई उद्योग बिभागमा दर्ता भएको हुनु पर्नेछ।

२. मुख्य जनशक्ति विवरण: मान्यता प्राप्त शिक्षण सँस्था बाट सिभिल इन्जिनियरिङ बिषयमा कम्तिमा प्रमाण पत्र तह उर्तिण एक जना प्राबिधिक, कुनै पनि विषयमा प्रमाण पत्र तह उत्तिर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र र अर्थशास्त्रमा प्रमाण पत्र तह उत्तिर्ण गरेको एक जना जनशक्तिको सेवा पुरा समय प्राप्त हुने ब्यबस्था हुन पर्ने छ।

३. मेसिन र उपकरण:

क) ट्रिपर / ट्याक्टर १/१ थान

ख) मिक्सर द१ थान

ग) Theodolite / level Machine १ सेट

घ) वाटर पम्प ३ थान

ङ) भ्राइब्रेटर ३ थान

नोट:

१. उपकरणको नामवली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्र साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।

२. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठिक अबस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ बिषयमा कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणीत गरेको हुनु पर्नेछ।

३. माथी उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटिमा दुई बर्ष सम्म वेचबिखन गर्न पाइने छैन।

४. पन्ध्र वर्ष भन्दा वढि पुरानो यन्तर उपकरणहरु निर्माण ब्यबसायीले स्तर बृद्दि तथा नया दर्ता हुने प्रायोजनको लागी मान्य हुने छैन।